annapurnapost.com


# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ७९ पृष्ठ ८ | काठमाडौं, बिहीबार १ साउन २०८२ | श्रावण कृष्णपक्ष सप्तमी नेपाल संवत् ११४५ | THURSDAY, JULY 17, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## मधेसको बजेटमा बेथिती नै बेथिती

# दुईथरी रातो किताब, १ हजारका २२० योजना




प्रदेश सांसदलाई एकथरी रातो किताब वितरण, भित्रभित्रै छापियो अर्कै रातो किताब। यस्तो पनि हुन्छ ? होला। तर, मधेसमा भयो। योजना बाँडफाँट र बजेट विनियोजनमा त अपारदर्शी काम गरियो नै, योजना वितरणमा अर्को गाईजात्रा देखाप्र्यो। स्थानीय तहका वडाले बनाउनेभन्दा निकै कम बजेटका योजना पनि टन्नै समेटिए। १ हजारका २ सय बढी योजना रातो किताबमा पारिए। नेता/कार्यकर्ता/आफन्त खुसी पार्न टुक्रे योजना समेटिएपछि विपक्षीले बजेट पुनर्लेखनको माग गरे। तर, विपक्षी दलको उपस्थितिबिनै आर्थिक वर्ष २०८२/८३ को बजेट प्रदेशसभाबाट बहुमतले पारित गरियो।

**मनिका झा** | *जनकपुरधाम*

– को रिपोर्ट

| चालुतर्फ | पुँजीगततर्फ | एक हजारका योजना | पाँच लाखमुनिका योजना |
|---|---|---|---|
| १६ अर्ब ७२ करोड ५ लाख | ३० अर्ब २६ करोड २८ लाख | २२० वटा | ७ हजार बढी |

### एक हजारका योजनाहरू

| |
|---|
| चारपाङ्ग्रे सवारी साधन इन्धन / ई. भी खरिद खर्च |
| डिजिटल डुप्लिकेटर मेसिन (Duplo) |
| Result Publications Management Software खरिद तथा जडान गर्ने |
| AMC of Software (Public Service Recruitment Management Service ) खरिद तथा जडान खर्च |
| आयोगको प्रयोगात्मक परीक्षाको लागि प्रयोगशाला निर्माण कार्य |
| मुख्य न्यायाधिवक्ताको कार्यालय जनकपुरका लागि कम्प्युटर अपरेटरको पारिश्रमिक |
| प्रदेशको संवैधानिक अधिकार विषयक अध्ययन |
| सफ्टवेयर अपग्रेड |
| प्रदेश आर्थिक क्षेत्र निर्माण कार्य, मन्त्रालयले तयार पारेको DPR अनुसार |
| मधेस प्रदेशमा साहसिक पर्यटन विकास निर्माण, मन्त्रालयले तयार पारेको डीपीआर अनुसार |
| सीता सर्किट निर्माण कार्य, मन्त्रालयले तयार गरेको DPR अनुसार |
| अन्य भता |
| रौतहट, माधवनारायन न.पा. वडा नं.-१ झगडु साहको घरदेखि राउदेव प्रसादवको घर सम्म छठघाटको पोखरी डिलमा बनाउने |
| सर्लाही बागमती न.पा- २ मा धरहारा धर्मशाला निर्माण |
| रौतहट जिल्ला फतुवा विजयपुर न.पा. ५ सन्तपुर चौकमा मदरसा निर्माण |
| रौतहट जिल्ला मौलापुर न.पा. वडा नं १ मा रहेको अधुरो हनुमान मन्दिरको निर्माण कार्य रौतहट गुजरा न.पा. २ मा रहेको श्री कृष्ण प्रणामी मन्दिर निर्माण कार्य |
| रौतहट गरुडा न.पा. ५ मा शिवनगर धाम पर्यटकीय क्षेत्र बहुउद्देश्य पूर्वधार विकाशर्मा |
| रौतहट जिल्ला कटहरिया न.पा. वडा नं ३ पुर्वारी मठ देखि फ्यकट्री जाने बाटोसम्म नहरको दुबै साइडमा स्लेप ढलना कार्य |
| सर्लाही जिल्ला कविलासी न.पा. वडा नं ६ जमुनियामा रहेको श्री गरगटनाथ महादेव मन्दिरको पर्खाल, मुख्य प्रवेश द्वार निर्माण र पोखरी स्तरोउन्नती कार्य |
| रौतहट गढीमाई न.पा.१ समनपुरमा प्रवेशद्धार एवं घण्टाघर निर्माण |
| सर्लाही लालबन्दी न.पा. ५ ओम शान्ति पार्कमा पिरामीड ध्यान कक्ष निर्माण |
| रौतहट कटहरिया न.पा. वडा नं २ छेदी चौकको बुढियामाई मन्दिर निर्माण तथा कम्पाउण्डवाल निर्माण कार्य |
| सर्लाही जिल्ला कविलासि न.पा. वडा नं ३ श्री रामजानकी रसिक सरकार मन्दिर जीर्णोद्धार भवन निर्माण |

| |
|---|
| सर्लाही जिल्ला गा.पा. ४ महिनाथपुरस्थित गढीमाई मन्दिर निरमाण कार्य |
| सर्लाही रामनगर गा.पा. ४ शहिद दिनेश शर्माको शालिक निर्माण |
| रौतहट जिल्ला देवाही गोनाही न.पा. वडा नं ६ केमारीमाई दुर्गा मन्दिरको परिसर भित्र धर्मशाला निर्माण र मन्दिरको सौन्दर्यीकरण |
| सर्लाही लालबन्दी न.पा. १ जिवेश्वर शिवालयको भवन मर्मत तथा धर्मशाला निर्माण |
| रौतहट यमुनामाइ गा.पा.३ राजपुर अधुरो धर्मशाला, |
| रौतहट माधव नारायण न.पा. १ सामुदायिक भवन निर्माण |
| रौतहट यमुनामाई गा. पा. -२ भेडियाही अधुरो कब्रगाह पलातर तथा ऋबगाह निर्माण |
| रौतहट माधव नारायाण न.पा.६ माधोपुरमा गढीमाई मन्दिर निर्माण |
| रौतहट माधव नारायाण न.पा. ६ माधोपुरमा राधाकृष्ण मन्दिर स्तरोन्नति |
| रौतहट माधव नारायाण न.पा. ६ माधोपुर बजारमा रामजानकी मन्दिर निर्माण |
| रौतहट गढीमाई न.पा.६ मा अधुरो रामजानकी मठ निर्माण |
| रौतहट माधवनारायाण न.पा. १ दिपहीमा हनुमान मन्दिर निर्माण तथा गंगा रामएकवाल यादव फाउण्डेशनको अधुरो भवन निर्माण |
| रौतहट वृन्दावन न.पा. ४ मा ब्रहम भगवती मन्दिर निर्माण र कम्पाउण्डवाल निर्माण तथा सौन्द्रयकरण |
| रौतहट गढीमाई न.पा. ९ मलाहीटोलमा कमलामाई मन्दिरको नयाँ धर्मशाला निर्माण |
| रौतहट जिल्ला कटहरिया न.पा २ जमुनिया टोलमा रहेको कंकाली मन्दिरको धर्मशाला निर्माण कार्य |
| रौतहट जिल्ला कटहरिया नपा ७ बगहीमा छठघाट निर्माण तथा सौन्द्रर्यीकरण कार्य |
| रौतहट बौधिमाई न.पा - २ ईनर्वामा रहेको अधुरो शिशंकर मन्दिर स्तरोन्नती कार्य |
| रौतहट जिल्ला बौधिमाई न.पा |
| ३ मटिअर्वामा हनुमान मन्दिर निर्माण कार्य |
| गोडैता नगरपालिका-११, हनुमान मन्दिर छेउको पोखरी सन्द्रर्करण कार्य |
| गोडैता नगरपालिका-११, हनुमान मन्दिर निर्माण |
| राजदेवी न.पा.-७ मा मखन यादवको घर अगाडिको पोखरी सौन्दर्यकरण |
| बारा जिल्ला देवताल गा.पा. वड नं ३ अधुरो मस्जिद निर्माण |
| सुर्वण गा.पा.-८ महजिदमा स्तरोन्नती कार्य |
| धनुषा जिल्लामा उधोगको डिमान्डअनुसार तालिम |
| धनुषा जिल्लामा कुक तालिम |
| धनुषा जिल्लामा वेटर तालिम |

समाचार पृष्ठ २

## सिरियाली सेनाको मुख्यालयमा आक्रमण



**दमास्कस** (एजेन्सी) : इजरायलले आफ्नो सेनाले सिरियाको राजधानी दमास्कसस्थित सेनाको मुख्यालयमा आक्रमण गरेको बताएको छ। सिरियाली स्वास्थ्य मन्त्रालयले यस आक्रमणमा १ जनाको मृत्यु भएको र १८ जना घाइते भएको जनाएको छ।

'चेतावनीको समय सकिएको छ। अब कठोर र पीडादायी प्रहार हुनेछन्,' इजरायलका रक्षामन्त्री इजरायल कान्ट्जले भने। इजरायलले दक्षिण-पश्चिमी सिरियामा रहेको ड्रुज समुदायलाई जोगाउन प्रयास गरिरहेको बताएको छ। प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले भने, 'हामी हाम्रा ड्रुज भाइहरूलाई बचाउन र सिरियाली शासनको गिरोहलाई नष्ट गर्न काम गरिरहेका छौं।' उनले ड्रुज समुदायका इजरायली सदस्यलाई सिरियामा सीमा पार नगर्न पनि आग्रह गरे।

## जसपा नेपालले फिर्ता लियो सरकारको समर्थन

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

जनता समाजवादी पार्टी नेपालले केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। उपेन्द्र यादवको नेतृत्वमा रहेको जसपा नेपालले ओली सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै राष्ट्रियसभामा सत्तापक्ष अल्पमतमा परेको छ। सरकारमा सहभागी हुने चर्चा चलिरहेको अवस्थामा एक्कासि जसपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएको हो।

जसपा नेपालका अध्यक्ष यादव, प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच पटक-पटक संवाद पनि भएको थियो। वर्तमान सरकारमा सहभागिता विषयमा कुरा नमिलेपछि समर्थन फिर्ता लिइएको बताइए पनि जसपा नेपालले ११ वटा कारण देखाउँदै समर्थन फिर्ता लिएको छ। एक वर्षसम्म जसपा नेपालले सरकारबाट बाहिर रहेरै वर्तमान सरकारलाई समर्थन गरेको थियो। जसपा नेपालको केन्द्रीय कार्यकारणी समितिको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णयलाई संसदीय दलको बुधबारको बैठकले अनुमोदन गरेको छ।



ओली नेतृत्वको सरकार असफल भइसकेकाले सरकारलाई पार्टीले गर्दै आएको समर्थनको कुनै औचित्य एवं अर्थ नै नरहेको हुनाले समर्थन फिर्ता लिई अब उपरान्त विपक्षमा बस्ने निर्णय गरेको छ।

एक वर्षअघि ओली प्रधानमन्त्री हुँदा कांग्रेस, एमाले, जसपा, जनमत, नागरिक उन्मक्ति, लोसपासहित ७ दलका १८८ सांसदको समर्थन पाएका थिए। प्रतिनिधि सभामा २७५ सिट छ। हाल भने राप्रपाका सांसद दीपक बोहोराको मृत्यु भएकाले प्रतिनिधिसभामा २ सय ७४ सिट छ। जसमा प्रतिनिधिसभामा कांग्रेसको ८८, एमालेको ७९, जनता समाजवादी पार्टीको ७, जनमत पार्टीको ६, लोकतान्त्रिक सामाजवादी पार्टी (लोसपा)को ४ सिट छ।

» बाँकी पृष्ठ ६

## छोरीलाई पैतृक अंश, ०७२ अघि बिहे गर्नेले नपाउने

**दिनेश गौतम** | *काठमाडौं*

तपाईं विवाहित छोरी हुनुहुन्छ ? यदि २०७२ असोज १४ गते अघि विवाह भएको छ भने पैतृक सम्पत्तिबाट अंश हक पाउनु हुने छैन।

सर्वोच्च अदालतको पछिल्लो फैसला सँगै अब विवाहित छोरीले पैतृक सम्पत्तिमाथि गर्ने हकदाबीको अन्योलता टुंगिएको छ। पैतृक सम्पत्तिबाट अंश पाउने गरी २०७२ असोज १४ मा भएको संशोधित व्यवस्था कुन मितिपछि विवाहित छोरीका हकमा आकर्षित हुने हो ? भन्ने विवादको समाधान भएको छ। संशोधित व्यवस्थाले छोरीको पैतृक सम्पत्तिमा वैवाहिक वा अन्य शर्त नराखी निशर्त रूपमा नैसर्गिक हक स्थापित गराए पनि कार्यान्वयनमा द्विविधा थियो। सर्वोच्च अदालतले अमेरिकी नागरिक भई हाल ललितपुर बस्दै आएका पुनम मुडभरि र उनका बुवा राममणि र सुमित्रा मुडभरीको मुद्दाको फैसला गरेसँगै छोरीले गर्ने पैतृक सम्पत्तिमाथिको हकदाबीको अन्यौलता टुंगिएको छ।

सर्वोच्चले २०७२ असोज १४ अघि बिहे भएका छोरीका लागि पैतृक सम्पत्तिमा अंश नलाग्ने फैसला गरेको छ। सर्वोच्चको पाँच सदस्यीय बृहत् पूर्ण इजलासमा कहिलेदेखि पैतृक सम्पत्तिमा छोरीको




अंश लाग्ने भन्ने सम्बन्धमा राय बाझिएको हो। यद्यपि, न्यायाधीशत्रय डा. मनोजकुमार शर्मा, शारंगा सुवेदी र अब्दुल अजीज मुसलमानले संविधान जारी भएपछि मात्रै पैतृक सम्पत्तिमा अंश लाग्ने व्यवस्था कार्यान्वयन हुनुपर्ने राय दिएका छन्। न्यायाधीशद्वय सपना प्रधान मल्ल र महेश शर्मा पौडेलले भने मुलुकी ऐनको ११ औं संशोधनपछि नै महिलाहरूले अंशमा समान हक पाउने व्यवस्था भएकाले सोही समयदेखि नै अंश लाग्ने व्यवस्था लागू हुने राय दिएका छन्।

तीन सदस्यीय न्यायाधीशको राय बहुमत भएकाले सो नै मान्य हुने छ। 'अदालतमा जुन समयमा मुद्दा दर्ता हुन्छ, सोही समयमा नै प्रचलनमा रहेको कानुन आकर्षित हुने देखिन्छ,' बहुमत (तीन सदस्यीय) न्यायाधीशहरूको रायमा भनिएको छ, '२०७२ सालमा नयाँ संविधान जारी भएसँगै अंश मुद्दाका सम्बन्धमा लागू भएको नयाँ प्रवन्धलाई २०७२ असोज १४ मा लैंगिक समानता कायम गर्न तथा लैंगिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ ले मुलुकी ऐन अंशबन्डाको १क. नं. को व्यवस्था खारेज गरेकोले सो कानुन खारेज हुनुभन्दा अगाडि चलेका मुद्दा मामिलाको सन्दर्भमा सोही पुरानै कानुन आकर्षित हुने भई नयाँ संशोधित व्यवस्था आकर्षित हुने देखिन आएन। साथै अंश मुद्दा चल्दा चल्दैको अवस्थामा कानुनमा संशोधन भएमा फिराद पर्दाको अवस्थामा प्रचलित कानुनी व्यवस्थाको आधारमा नै मुद्दाको निरूपण गर्नुपर्ने देखियो।'

» बाँकी पृष्ठ ६

